# दुई

# मोफसलमा पत्रकारिताको थालनी र मोरङ जिल्ला

मोफसलको पत्रकारिताबारे चर्चा गर्नुअघि मोफसल शब्दलाई परिभाषित गर्नु जरुरी छ । मोफसल भन्ने शब्दबाट हामी साधन र सुविधाविहीन ठाउँ भन्ने अर्थ बुझ्छौं । प्रेस काउन्सिल नेपालले आफ्ना प्रतिवेदनहरूमा काठमाडौं उपत्यकाका तीन जिल्ला काठमाडौं, ललितपुर र भक्तपुरबाहेक अन्य जिल्लालाई 'मोफसल' भनी स्वीकार गरेको पाइन्छ । काठमाडौं उपत्यकाका तीन जिल्लाबाहेक अन्यत्रबाट सर्वप्रथम कहिले, कहाँ, कुन-कुन पत्रपत्रिका निस्कियो, त्यसको वृहत् खोजी र अनुसन्धान अझै भएको छैन । तथापि वीरगञ्जबाट २००८ सालमा श्यामप्रसादको सम्पादनमा *सेवा* मासिक (देवकोटा २०२४: ६१४), भद्रपुरबाट २०१० मङ्सिर १२ गते श्यामकृष्ण शर्माको सम्पादनमा *केटो* पाक्षिक, नेपालगञ्जबाट २०११ सालमा स्व. महावीरप्रसाद गुप्ताको सम्पादनमा *नयाँ सन्देश* (हिन्दी), बुटवलबाट २०१२ सालमा परीक्षितप्रसाद लाकौल, मदनबहादुर प्रधान, सूर्यलाल, ओमशंकर, द्रोणराज जोशीको सम्पादनमा *बुटवल,* पाल्पाबाट अजम्बरध्वज खातीको सम्पादनमा २०१४ असारदेखि *नयाँ किरण साप्ताहिक*जस्ता पत्रपत्रिका निस्किएका देखिन्छन् । समयको गति सँगसँगै पुराना पत्रिकाहरू बन्द हुने र नयाँ पत्रिका प्रकाशित हुने क्रम अनवरत् रूपमा चलिरहेको छ भने अहिले त दुर्गम मानिने कतिपय जिल्लाबाट पनि पत्रपत्रिका प्रकाशित हुन थालेका छन् । यिनै सन्दर्भ र स्थितिमा मोरङ जिल्लाको पत्रकारिताको सुरुआतलाई हेरिनु पर्छ ।

पूर्वाञ्चलको मोरङ जिल्ला राजनीतिक, आर्थिक, शैक्षिक एवं सांस्कृतिक आदि लगायत सम्पूर्ण क्षेत्रमा सचेत, अग्रणी र महत्त्वपूर्ण जिल्लाको रूपमा रहेको छ (हेर्नोस् परिशिष्ट क) । पत्रकारिताका दृष्टिबाट पनि यो जिल्ला निकै सक्रिय रहेको देखिन्छ । २००७ साल अगाडिको एकतन्त्रीय राणा शासनकालमा पनि राजनीतिक सचेतनाले अग्रणी मोरङ जिल्ला हस्तलिखित पत्रिकाको माध्यमद्वारा आफ्ना विचार र दृष्टिकोण अघि सार्ने क्रममा अग्रसर रहेको पाइन्छ । छापाखानाको

स्थापना भैनसकेको तत्कालीन समयमा हस्तलिखित नै भए पनि पत्रिकाको प्रकाशन हुनु अत्यन्त महत्त्वपूर्ण र युगान्तकारी घटना मान्नुपर्छ । आदर्श विद्यालयबाट प्रकाशित सो पत्रिकाको नाम थियो *चन्द्रोदय* । यो पत्रिका १९९४ सालतिर निकालिएको अनुमान छ । पत्रिकाको एक प्रति पनि नभेटिएकाले यसको सम्पादक, सामग्री र प्रकाशन समयका बारेमा यथार्थ अझैसम्म जनसमक्ष आउन सकेको छैन । आदर्श विद्यालय, विराटनगरबाट २००९ भाद्रमा प्रकाशित *आदर्शवाणी* मासिक पत्रिकामा सुवर्ण शमशेरद्वारा लेखिएको 'आदर्शवाणीको प्रति' शीर्षक लेखमा उद्धृत निम्न अंशले *चन्द्रोदय*का बारेमा केही जानकारी दिएको छः

> अमर शहीद श्री कृष्णप्रसाद कोइरालाद्वारा भूँइचालोको २ वर्षअघि विराटनगरमा आदर्श विद्यालय खोलियो । उस बखत पराले झुप्रोमा पढाइन्थ्यो । ९४ सालमा जब स्कूल पक्की बन्यो अनि ठाउँ सरेको हो । सो स्कूलमा विविध प्रकारका खेल र तर्कसभामा विद्यार्थीहरूको शारीरिक र मानसिक विकास होस् भन्नाका निमित्त हस्तलिखित *चन्द्रोदय* व्यक्ति-आक्षेपरहित मासिक पत्र सम्पादन हुन थाल्यो । यो एउटै प्रति निस्कन्थ्यो । ९२-९४ को "मुलुकी-बन्देज"मा पनि दोस्रो शान्ति निकेतन तुल्याउने जन्मदाताको चेष्टा र लक्ष्य थियो तर हुर्किने अवस्थामा अनाथ भयो । यसपछि पत्रिका देखिएन । यो हो यसको शैशवको अपूर्ण कथा (देवकोटा २०२४: ७८) ।

यसप्रकार *चन्द्रोदय*ले मोरङमा पत्रकारिताको बीजारोपण गरेको तथ्य थाहा हुन्छ । राणाकालीन अवस्थामा यति मात्रै गर्नु वास्तवमै युगान्तकारी घटना हो र यसलाई तत्कालीन स्थिति, समय र परिवेशका आधारमा मूल्याङ्कन गरिनु पर्छ ।

मोरङमा पत्रकारिताको सुरुआतको स्थिति हेर्दा यसका लागि राजनीतिक सचेतता नै प्रमुख कारकतत्वका रूपमा रहेको देखिन्छ । राजनीतिक दृष्टिले सक्रिय र शैक्षिक दृष्टिले सचेत केही व्यक्ति र परिवार पत्रकारिताका क्षेत्रमा पनि अग्रणी देखिन्छन् । विशेषगरेर उनीहरू वाराणसीमा बसेका कारण भारतको तत्कालीन स्थितिमा भइरहेका विभिन्न क्षेत्रका गतिविधिहरूले पनि उनीहरूलाई यस क्षेत्रमा अगाडि बढ्न प्रेरित गरेको हुनसक्छ । साथै १९८६ सालमा नै आदर्श विद्यालयको स्थापना भै यस क्षेत्रमा शैक्षिक जागरणसमेतको सुरुआत भैसकेको स्थितिमा स्वतन्त्रताका लागि आवाज उठाउँदै आएका पूर्वेलीहरू पत्रकारिताका लागि पनि जागरुक देखिए । यिनै पृष्ठभूमिमा मोरङमा पत्रकारिताको सुरुआत भएको हो । मोरङ जिल्लाको छापा पत्रकारिताको सहज अध्ययनका लागि दुई वर्गमा विभाजन गर्नु उपयुक्त हुन्छः समाचार पत्रकारिता र साहित्यिक पत्रकारिता । मोरङ जिल्लामा समाचार पत्रकारिताभन्दा साहित्यिक पत्रकारिता पहिले सुरु भएको हो । समाचार पत्रकारिता र साहित्यिक तथा अन्य पत्रकारिताबीच विद्यमान फरकका कारण यी दुईका बारे छुट्टाछुट्टै चर्चा गर्नु आवश्यक छ । समाचार पत्रकारिताको उद्देश्य, कार्यशैली र प्रभाव साहित्यिक तथा अन्य पत्रकारिताभन्दा व्यापक र बेग्लै हुन्छ । त्यसैले यस पुस्तकमा यी दुईबारे बेग्लाबेग्लै चर्चा गरिएको छ ।